बैठक नं: ०४

## रामग्राम नगरपालिकाको मिति २०७९।०३।०७ गतेको नगर कार्यपालिका बैठकमा पेश भएका

प्रस्ताव नं. १ : रामग्राम नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ सम्बन्धमा ।

प्रस्ताव नं. २ : रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं. ३ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको सुशासन तथा संस्थागत विकास समितिको मिति २०७९।०३।०२ गतेको निर्णयानुसार सिफारिस भइ आएको मस्यौदाको दफा ७ मा संशोधन गरि *ऐन राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने गरी कर्मचारीको ज्येष्ठता गणना कायम गरिने* विषय समावेश गरी *रामग्राम नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,* २०७९ माथि छलफल गरि सैद्धान्तिक सहमतिका लागि प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेशमा पठाउने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा दशौं नगर सभा सञ्चालनार्थ गर्नुपर्ने खर्चका लागि रकम अपुग देखिएकाले देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरीयो ।

| रकमान्तर बाट घटाउने शिर्षक | | | | | | रकमान्तर बाट थप हुने शिर्षक | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खर्च संकेत | खर्च शिर्षक | वार्षिक बजेट | घटाउने रकम | वार्षिक कायम हुने बजेट | बजेट श्रोत | खर्च संकेत | खर्च शिर्षक | वार्षिक बजेट | बढाउने रकम | वार्षिक कायम हुने बजेट | बजेट श्रोत |
| २२३११ | कार्यालय तथा सवारीको मसलन्द तथा कार्यालय सामाग्री | २११२०००। | ६०००००। | १५१२०००। | संघीय सरकार राजश्व बाँडफाँड | २२५२१ | सभा संचालन खर्च | १५०००००। | ६०००००। | २१०००००। | संघीय सरकार राजश्व बाँडफाँड |

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा अघिल्लो कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो ।

Scanned with CamScanner

रामग्राम नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयेक, २०७९

प्रस्तावना :

साविक स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम स्थाई नियुक्ती भई साविक स्थानीय निकाय (गा.वि.स., नगरपालिका तथा जि.वि.स.) मा कार्यरत रही कर्मचारी समायोजन अध्यादेश-२०७५, कर्मचारी समायोजन ऐन-२०७५ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह रामग्राम नगरपालिकामा समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन तथा वृत्ती विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भइ कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई कर्मचारीको मनोबल उच्च बनाउनका कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रामग्राम नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम **"रामग्राम नगरपालिकामा साविक स्थानीय निकायहरुबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९"** रहेको छ।

(२) **यो ऐन नगरसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।**

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ग) **"कर्मचारी"** भन्नाले यस ऐनको प्रयोजनका लागि साविक स्थानीय निकायहरुबाट स्थानीय तह रामग्राम नगरपालिकामा स्वतः समायोजन भएका स्थायी कर्मचारीहरु सम्झनुपर्छ ।

(घ) **"स्थानीय तह"** भन्नाले रामग्राम नगरपालिकालाई सम्झनुपर्छ।

(ङ) **"स्थानीय निकाय"** भन्नाले स्थनीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानिय शासन नियमावली २०५६ बमोजिम गठन भएका साविकका गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिलाई सम्झनुपर्छ।

(च) **"न्यूनतम शैक्षिक योग्यता"** भन्नाले प्रचलित कानून बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रामग्राम नगरपालिका नगरकार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

Scanned with CamScanner

(ञ) "स्वतः समायोजन" भन्नाले साविक स्थानीय निकायबाट रामग्राम नगरपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरुलाई सम्झनुपर्छ ।

(झ) "प्रोत्साहन सुविधा" भन्नाले साविक स्थानीय निकायहरुबाट स्थानीय तह रामग्राम नगरपालिकामा स्वतः समायोजन भएका स्थायी कर्मचारीहरुलाई यसै ऐनको दफा ४ बमोजिम उपलब्ध हुने तहवृद्धि वा स्तर वृद्धि वा ग्रेड थप समेतलाई सम्झनुपर्छ ।

३. संगठन तथा कर्मचारी दरबन्दी :

(१) स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरवन्दी रामग्राम नगरपालिकाको नगरसभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन वमोजिमको प्रोत्साहन सम्वन्धी व्यवस्था बमोजिम स्तरवृद्धि वा तह वृद्धि भएकाहरुको हकमा स्वतः दरवन्दी सृजना हुनेछ र स्तरवृद्धि वा तह वृद्धि हुनुपूर्वको पद रिक्त भएको मानिने छैन ।

४. प्रोत्साहन सुविधा उपलब्ध गराउने :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउंदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कन समेतलाई आधार बनाईनेछ ।

(३) उपदफा (१) बमोजिम स्तरवृद्धि वा तहवृद्धि वा ग्रेड थप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत न्यूनतम ९० प्रतिशत अकं प्राप्त गरेको हुनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डका आधारमा गर्नु पर्नेछ ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| का.स., सवारी चालक (हलुका र हेभी) दमकल हेल्पर | ५ वर्ष सेवा अवधी नपुगेको । | सोही स्तरमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | का.स., सवारी चालक, पांचौ स्तरमा कार्यरत रही स्तर बृद्धि गर्न नमिल्ने भएमा | सोही स्तरमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | ५ वर्ष ५ वर्ष भन्दा वढी सेवा अवधि भएको | १ स्तर बृद्धि | - |

| | | | |
|---|---|---|---|
| सहायक स्तर चौथो | ५ वर्ष सेवा अवधी नपुगेको । | सोही तहमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | चौथो तहमा ५ वर्ष सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | चौथो तहमा ५ वर्ष सेवा अवधि पुगेको र न्यूनतम शैक्षिक योग्यता भएको | सहायक स्तर पाचौं तह | - |
| सहायक स्तर पाचौं | ५ वर्ष सेवा अवधि नपुगेको । | सोही तहमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | पाँचौ तहमा ५ वर्ष सेवा अवधि पुगेको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | पाँचौ तहमा ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृत स्तर छैठौं तह | |
| अधिकृत स्तर छैठौं | अधिकृत स्तर छैठौं तहमा ५ वर्ष सेवा अवधि नपुगेको । | सोही तहमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | अधिकृत स्तर छैठौं तहमा ५ वर्ष सेवा अवधि पुगेको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | खाईपाई आएकोमा २ ग्रेड थप |
| | अधिकृत स्तरमा ५ वर्ष भन्दा वढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृत स्तर सातौं | |

(५) सेवा अवधि गणना गर्दा सम्वन्धित पदमा शुरु नियुक्ति भएको वा वढुवा नियुक्ति भएको मितिबाट ५ वर्ष पुगेको अवधिलाई गणना गरिनेछ ।

(६) यस ऐनमा उल्लेखित मापदण्ड पुगेका स्तर वृद्धि वा तह वृद्धि हुने कर्मचारी र ग्रेड थप लिन चाहने कर्मचारीलाई उक्त सुविधा लिन यो ऐन जारी भएको ७ दिनभित्र नगरपालिकाले ७ दिनको म्याद दिइ दरखास्त दिन सूचना प्रकाशन गर्नेछ ।

(७) यस ऐन बमोजिम कर्मचारीको स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थपको लागि सिफारिस गर्न देहाय वमोजिमको एक समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत – संयोजक

ख. नगर शिक्षा अधिकारी (अधिकृत दशौं तह) – सदस्य

Scanned with CamScanner

ग. प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख - सदस्य सचिव

(८) उपदफा ७ बमोजिम प्राप्त दरखास्त उपर यस ऐनमा तोकिएको मापदण्ड पुरा भएको देखिएमा दफा ७ बमोजिमको समितिको सिफारिसमा दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र नगरपालिकाले प्रोत्साहन सुविधा सम्बन्धी पत्र (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धीत कर्मचारीलाई उपलब्ध गराउनेछ ।

(९) यस ऐन बमोजिम उपलब्ध गराईएको थप ग्रेड प्रचलित कानून बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी भए पनि उपलब्ध गराइनेछ ।

**५. प्रोत्साहन सुविधा सम्बन्धी पत्र उपलब्ध गराउने :**

(१) यो ऐन बमोजिमको प्रोत्साहन सुविधा (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धी पत्र प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउनेछ ।

**६. यसै ऐन बमोजिम हुने :**

यस ऐनमा लेखिएको कुराको हकमा यसै बमोजिम र सो वाहेक अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७. जेष्ठता गणना :**

यस ऐनको दफा ४ बमोजिम तहवृद्धि /स्तरवृद्धि पाउने कर्मचारीको जेष्ठताको गणना सम्वन्धित पदमा तहवृद्धि/स्तरवृद्धि भएको मिति वाट लागु हुने गरी गणना गरिनेछ।

**८. कर्मचारीहरुको पदनाम:**

(१) साविकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगरपालिकामा सरुवा वा पदस्थापना भएका कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई देहायका पदनाम कायम गरिनेछ ।

| क.सं. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | सेवा /समुह/उपसमुह |
|---|---|---|---|---|
| १. | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | सहायक पाँचौ | सा.प्रशासन/प्रशासन/प्रशासन |
| | | | सव ईन्जिनियर | इन्जिनियरिंग/सिभिल/जनरल |
| २. | | | अधिकृत छैठौं | सा.प्रशासन/प्रशासन/प्रशासन |
| | | | लेखा अधिकृत | सा.प्रशासन/प्रशासन/लेखा |

Scanned with CamScanner

|  | सहायक स्तर पाँचौ | अधिकृत स्तर छैठौं | ईन्जिनियर | इन्जिनियरिंग/सिभिल/जनरल |
|---|---|---|---|---|
| ३. | अधिकृत स्तर छैठौं | अधिकृत स्तर सातौं | वरिष्ठ लेखा अधिकृत | सा.प्रशासन/प्रशासन/लेखा |

(२) उपदफा १ बमोजिम तह तथा पदनाम अनुसार सम्वन्धित सेवा वा समुह जनाई पदनाम कायम गरिनेछ । सोही तहका अन्य कर्मचारीहरुको पनि उपदफा १ बमोजिम पदनाम कायम गरिने छ ।

९. **विविधः**

स्थानीय तहमा समायोजन भएका साविकका स्थानीय निकायका कर्मचारीको सम्वन्धमा संघीय सरकारले छुट्टै कानूनी व्यवस्था गरेमा सोही वमोजिम हुनेछ ।

१०. **खारेजी र बचाउः**

(१) *रामग्राम नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८* खारेज गरिएको छ ।

(२) यो ऐन बमोजिम सुविधा पाउने कर्मचारीहरुले एकपटक यो सुविधा प्राप्त गरेपछि यो ऐन स्वतः खारेज हुनेछ ।

(३) यो ऐन संघीय तथा प्रदेश कानून र अन्य प्रचलित नेपाल कानुन सँग बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

Scanned with CamScanner